नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

नेपाल सरकार

# पूर्वाधार विकास मन्त्रालय

## स्पष्टीकरण पेश गर्ने बारेको सूचना

(प्रकाशित मिति : २०८३।०४।१२)

यस मन्त्रालय अन्तर्गत पदाधिकार रहेका नेपाल इन्जिनियरिङ सेवा, सिभिल इन्जिनियरिङ समूह, बिल्डिङ एण्ड आर्किटेक्ट उपसमूह, रा.प.तृतीय श्रेणीका देहाय बमोजिमका कर्मचारीहरू अध्ययन बिदा र असाधारण बिदाको अवधि समाप्त भएपश्चात् निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) र (ज) मा भएको व्यवस्था बमोजिम कार्यालयमा हाजिर हुनुपर्नेमा अनुपस्थित रहेकोले निजामती सेवा ऐन, २०४९ को दफा ५८ को खण्ड (ख) को उपखण्ड (१) बमोजिम कारबाही गर्न नपर्ने कुनै मनासिव कारण भए सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र सफाइ पेश गर्न र उक्त समयभित्र आफ्नो सफाइ पेश नगरेमा निजामती सेवा ऐन, २०४९ बमोजिम कारबाही हुने व्यहोरा सहितको सूचना मिति २०८३/०३/२३ मा राष्ट्रिय दैनिक गोरखापत्रको भित्री पृष्ठ र मन्त्रालयको वेबसाइटमा प्रकाशन गरिएकोमा तपसिल बमोजिमका कर्मचारीहरूले तोकिएको समयावधिभित्र सफाइ पेश नगरेको र सफाइ पेश गरेका कर्मचारीको सफाइ समेत सन्तोषजनक नभएकोले तपाईंहरूलाई निजामती सेवा ऐन, २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) र (ज) बमोजिमको कसुरमा ऐनको दफा ५९ को खण्ड (ख) को देहाय (१) बमोजिम सजाय किन नगर्ने ? निजामती सेवा नियमावली, २०५० को नियम ११० को खण्ड (ख) बमोजिम ३० (तीस) दिनभित्र स्पष्टीकरण पेश गर्नुहुन निजामती सेवा ऐन, २०४९ को दफा ६७ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ ।

### तपसिल

| क्र.सं. | कर्मचारीको नाम, थर | पद | बिदा अवधि | कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पुजन न्यौपाने (क.सं.नं. २०७९७६) | इन्जिनियर | २०८०।०५।०४ देखि २०८१।१२।२६ सम्म | (नि.से.ऐ., २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (ज) मा व्यवस्था भएबमोजिम कार्यालयमा हाजिर नभएको | पेश गरिएको सफाइ सन्तोषजनक नभएको |
| २ | श्री सृष्टि भुषाल (क.सं.नं. २२५२९८) | इन्जिनियर | २०२१ अक्टोबरदेखि २०२३ सेप्टेम्बरसम्म | | |
| ३ | श्री सम्योग श्रेष्ठ (क.सं.नं. २०७९८७) | इन्जिनियर | २०७७।०९।२४ देखि २०७९।०९।२३ सम्म | | तोकिएको समयावधिभित्र सफाइ पेश नगरेको |
| ४ | श्री आस्था आचार्य (क.सं.नं. २४५६६०) | इन्जिनियर | २०८१।०६।०१ देखि २०८२।०५।३१ सम्म | | |
| ५ | श्री नरेश थापा (क.सं.नं. १४९०८६) | इन्जिनियर | २०५८।०५।०५ देखि २०६०।०५।०४ सम्म | | |
| ६ | श्री रमेश प्रसाद पौडेल (क.सं.नं. १७५८५९) | इन्जिनियर | २०६७।०३।०९ देखि २०६८।०३।०८ सम्म | | |
| ७ | श्री पदमेन्द्र प्रसाद श्रेष्ठ (क.सं.नं. १८६४४८) | इन्जिनियर | | (नि.से.ऐ., २०४९ को दफा ६१ को उपदफा (१) को खण्ड (छ) बमोजिम बिदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित रहेको | |